आज मिति २०७८ साल असार ३ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन (वडा नं. ४ को सहयोगी)
श्री मानबहादुर ठाडा, लेखा अधिकृत
श्री कुल बहादुर खड्का, ना.सु.
श्री खगेन्द्र नगाल
श्री धीरज चुनारा, सहयोगी

**निर्णय नं. १ :** संघ र प्रदेशबाट यस नगरपालिकालाई प्राप्त कूल बजेट (आन्तरिक राजस्व, राजस्व बाँडफाँड, वित्तिय समानिकरण र सशर्तसमेत) गरी कूल रकम रु. ५९०८८३३३९। मध्ये राजस्व बाँडफाँड र आन्तरिक आम्दानीतर्फ प्राप्त रु. १३३१९६३३९।, वित्तिय समानिकरणतर्फ रु १५२१८७०००, सशर्त, समपुरक र विशेष अनुदान तर्फ रु ३०५५०००००। बजेट प्राप्तभएको मध्ये नगरले बाँडफाँड गर्न पाउने रकम (राजस्व बाँडफाँड, आन्तरिक श्रोत र वित्तिय समानिकरण गरी) रु २८५३८३३३९। मध्ये प्रशासनिक चालू खर्च तर्फ रु ११७८५३०००। र वडा तथा नगरतर्फ चालू खर्च कटाई बाँकी रहेको रु १६७५२९०००। लाई तपसिल बमोजिमको भार रहने गरी बाँडफाँड गर्ने निर्णय गरियो ।

नगरपालिकातर्फ : ८४९२९०००

वडा र विषयगत समितिलाई : ८२६०००००

सो मध्ये विषयगत क्षेत्र (३२००००००) र वडातर्फ (५०६०००००)

**निर्णय नं. २ :** वडातर्फ प्राप्त जम्मा ५ करोड ६ लाख तपसिल बमोजिमको बजेट रहने गरी वडाको सिलिङ्ग पठाउने निर्णय गरियो

| वडा | सिलिङ्ग |
|---|---|
| १ | ३९००००० |
| २ | ४१००००० |
| ३ | ३६००००० |
| ४ | ४०००००० |
| ५ | ४०००००० |
| ६ | ४०००००० |
| ७ | ३२००००० |
| ८ | ३९००००० |
| ९ | ३९००००० |
| १० | ४०००००० |
| ११ | ४१००००० |
| १२ | ४०००००० |
| १३ | ३९००००० |
| जम्मा | ५०६००००० |

Scanned with CamScanner

निर्णय नं. ३ : विषयगत समितिलाई प्राप्त बजेटलाई तपशिल बमोजिमको अंकभार रहने गरी भार र सिलिङ्ग प्रदान गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| आर्थिक विकास : १५ प्रतिशत | ४८00000 |
| सामाजिक सेवा तथा क्षमता विकास : ४५ प्रतिशत | १४४00000 |
| पूर्वाधार विकास : ३० प्रतिशत | ९६00000 |
| वन , वातावरण तथा विपद् व्यवस्थापन विकास : ५ प्रतिशत | १६00000 |
| सुसाशन तथा संस्थागत विकास : ५ प्रतिशत | १६00000 |
| जम्मा | ३२000000 |

निर्णय नं. ४ : यस नगरपालिकामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटाएका ८ जना कर्मचारीहरुलाई फाजिलमा राखी कामकाजमा आधारभूत स्वास्थ्य केन्द्रमा खटाउने र आवश्यक तलबभत्ता नगरपालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ : यस नगरपालिकाबाट यस अघि उद्योग बाणिज्य संघ भेरीलाई उपलब्ध गराएको जग्गाको पश्चिमपट्टीको क्षेत्रमा ७/७ मिटर मोहडा रहने गरी भेरीगंगा जेसीज र भेरीगंगा एफएमलाई जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाको स्थानीय सेवा ऐन निर्माण गर्न समिति गठन गर्ने र नगरपालिकाले भ्रमण समेतका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने ।

निर्णय नं. ७ : भेरीगंगा नगरपालिकामा सरुवा रोग सम्बन्धि नगरस्तरिय अस्पताल निर्माणका लागि सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालयलाई लेखी पठाउने तथा सो को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ र ४ जोडने पुलक्षेत्रमा नदीजन्य पदार्थ नउठाएमा पुलमा ठूलो क्षति हुन सक्ने भएकोले इन्जिनियरको प्रतिवेदन लिई कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन केन्द्र सुर्खेतलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ९ : यस भेरीगंगा नगरपालिकाको लगत प्रविष्टीकर्ताहरुलाई कोभिड अवधिभर कार्यरत रहेको समयको खाइपाइ आएको तलबको २० प्रतिशतका दरले जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner